“ कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि ”

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिका


पञ्चमी, पाँचथर
१ नं. प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८४४९१


पं. सं. :- २०७७/०७८ मिति:- २०७७।१२।३०
चं. नं. :-

## नयाँ बर्ष २०७८ सालको शुभकामना ।

नयाँ बर्ष २०७८ सालको सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा नयाँ उत्साह र उमंगसहित सुख, शान्ति, समृद्धि एंव उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नयाँ वर्षको आगमनसँगै मुलुक शान्ति, स्थिरता, सुशासनका साथै समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय लक्ष्य हासिल गर्ने नयाँ सोच, शैली र स्पष्ट गन्तव्यसहित अगाडि बढिरहेको हुँदा हामी सबैका लागि यो वर्ष सुखद र उपलब्धिमूलक बन्न सकोस भन्ने कामना गर्दछु ।
हाम्रो स्थानिय सरकार आर्थिक सामाजिक रुपान्तरण सहित आम जनताको जीवनस्तर सुधार गर्दै विकास र समृद्धि गर्न दृढ संकल्पित रहेको विश्वास दिलाउन चाहन्छु ।

हाम्रो गाउँपालिकामा रहेको स्रोत, साधन र प्रचूर प्राकृतिक सम्पदालाई समुचित प्रयोग गर्दै गाउँपालिकालाई समृद्ध एंव समुन्नत वनाउने दायित्व हाम्रो काँधमा आएको छ । नयाँवर्ष २०७८ विकास र समृद्धिको मुल फुटाउने स्मरणीय वर्षका रुपमा अंकित हुने मैले विश्वास लिएको छु । साथै यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट योगदान पुर्याउने अपेक्षाका साथै विकास निर्माण र समृद्धि प्राप्तिको महाअभियानलाई तीव्रता दिन म हार्दिक अपील गर्दछु ।

अन्त्यमा, नयाँ आशा, उमंग र उत्साह सहित नयाँवर्ष २०७८ ले खुसीको संचार सहित सुदृढ राष्ट्रिय एकता, विकास र समृद्धिको सन्देश दिन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

भुवानी प्र. लिङदेन
अध्यक्ष